**छेडागाड नगरपालिकाको आठौं बजेट अधिवेशन तथा सोह्रौं नगरसभाको बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उप-प्रमुख श्री चन्द्र बहादुर थापाज्यूद्वारा प्रस्तुत बजेट वक्तव्य**

आठौं बजेट अधिवेशन तथा सोह्रौं नगर सभाका सभाध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

सम्पूर्ण कर्मचारीहरु

सञ्चारकर्मी एवम् पत्रकारज्यूहरु,

नगरपालिका स्थित सुरक्षाकर्मीहरु,

नागरिक समाजका प्रतिनिधि, तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, बिभिन्न क्षेत्रमा कार्यरत समाजसेवी, बुद्धिजीवि, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, ज्येष्ठ नागरिक, नागरिक समाज, यूवा, बालबालिका, दलित तथा अल्पसंख्यक, एकल महिला, शहीद परिवारका सदस्यहरु, फरक क्षमता भएका व्यक्तित्वहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवम् यस गरिमामय नगरसभामा तथा बजेट अधिवेशनमा उपस्थित सम्पूर्ण आदरणीय छेडागाडबासी आमाबुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

१. यस नगरपालिकाको आ.व. २०८१/०८२ को लागि सोह्रौं नगरसभा तथा आठौं बजेट अधिवेशनको समुद्घाटन समारोहका आदरणीय अध्यक्षज्यू तथा नगरसभाका सदस्यज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा छेडागाड नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको यस छेडागाड नगरपालिकाको आठौं बजेट अधिवेशनको अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका परिवारजनहरुप्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै गत कार्तिक १७ गतेको विनाशकारी भुकम्पबाट यस नगरपालिकाका केही नागरिकहरुले आफ्नो अमुल्य ज्यान गुमाउनु परेको थियो । यसरी भुकम्पमा परी ज्यान गुमाउनु हुने मृतकजनहरु तथा विभिन्न

प्राकृतिक विपत्तीमा परी मृत्यु हुनुभएका महानुभावहरुमा गहिरो समवेदना व्यक्त गर्दछु ।साथै घाइते तथा अपांग व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. समृद्ध छेडागाड सुखी छेडागाडबासीको परिकल्पनालाई साकार पार्न विकास निर्माण र नगरपालिकाको समृद्धिको लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सबै वर्ग र क्षेत्रका महानुभावहरुको उत्तिकै योगदान रहेको कुरा अवगत गराउँदै वहाँहरु सबै प्रति उच्च सम्मान तथा कदर गर्न चाहन्छु।

४. भौगोलिक विकटता, कच्ची र अप्ठ्यारो सडक तथा कमसल र गुणस्तरहीन सवारी साधनको कारण वर्षेनी सवारी दुर्घटना भई दर्जनौं नागरिकहरुले ज्यान गुमाउनु परेको छ भने साथै विगतको कोभिड १९, चालु आर्थिक वर्षको लम्पी स्कीन र कार्तिक १७ को विनाशकारी भुकम्प र त्यस्ता खालका विपत्तीहरु फेरी पनि नआउला भन्न सकिन्न तसर्थ भविष्यमा हुन सक्ने यस्ता खालका विपदजन्य महामारीहरुबाट सतर्क तथा सचेत रहनुहुन सबै नागरिकहरुलाई अनुरोध गर्दछु ।

५. नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका र ४६० वटा गाउँपालिका गरी जम्मा ७५३ वटा स्थानीय तहहरुबाट सरकार संचालन भइरहेका छन् । सोही आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२२ को निर्णयानुसार जाजरकोट जिल्लाका साविकका कार्कीगाउँ, झाप्रा, साल्मा, दशेरा, सुवानाउली र पजारु (वडा नं. ३ देखि ९ सम्म) गा.वि.स.हरु समाहित भई छेडागाड नगरपालिका गठन भएको छ । पूर्वमा भेरी नगरपालिका, पश्चिममा सुर्खेत र दैलेख जिल्ला, दक्षिणमा सुर्खेत र सल्यान जिल्ला र उत्तरमा जुनिचाँदे गाउँपालिकाको बीचमा अवस्थित यस नगरपालिकाको घरधुरी सर्वेक्षण २०७६ (नगर प्रोफाइल २०७६) अनुसार यस नगरपालिकाको कूल जनसंख्या ४०,२८३ जना रहेको छ । १३ वटा वडामा विभाजित यस नगरपालिकाको कूल क्षेत्रफल २८४.२० वर्ग कि.मि. रहेको छ। समग्रमा यस नगरपालिकाको जनघनत्व प्रति वर्ग कि.मी. १४२ जना रहेको छ भने औषत परिवार संख्या ६ जना रहेको देखिन्छ । यस नगरपालिकाको वडा नं. ३ को दशेरामा स्नातकोत्तर तहसम्मको पठनपाठन हुने एक वटा क्याम्पस रहेको छ भने नारायणी मावि कार्कीगाउँमा कृषि तर्फ र बाल मावि झाप्रामा सिभिल तर्फको अध्ययन अध्यापन समेत भइरहेको छ ।छेडागाड, सरुगाड, सुवागाड जस्ता नदीनालाहरु भएको साथै कृषि उद्योग, जलश्रोत र खानी (बहुमुल्य पत्थरहरु काइनाइट, टुर्मालिन र स्लेट), सुयाडा मालिका, समालथाना मालिका कार्किगाउँ र बाङकोट गुफा जस्ता धार्मीक पर्यटकीय स्थलहरु रहेको हुनाले धार्मिक तथा पर्या पर्यटनको प्रचूर सम्भावना रहेको छ । छेडागाड

नगरपालिकाको वडा नं. ७ मा अल्लो तथा ढाकाको उत्पादन तथा प्रवर्द्धन भइरहेको हुनाले उक्त उत्पादनलाई बजारीकरण गर्ने हो भने अल्लो तथा ढाकाको व्यवसायलाई नगरपालिकाको मुख्य आम्दानीको श्रोत बनाउन सकिन्छ । त्यसैगरी छेडागाड नगरपालिकाको छेडाखोलामा पाइने माछालाई व्यवस्थित रुपमा बजारीकरण गर्न सकिएको खण्डमा हजारौं नागरिकले रोजगारी पाउने र नगरपालिकाको मुख्य आम्दानीको क्षेत्रको रुपमा यसलाई विकास गर्न सकिन्छ । संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको गाँजा खेती प्रवर्द्धन कार्यक्रमलाई पनि यस छेडागाड नगरपालिका सघन रुपमा कार्यान्वयन गर्न सकिएको खण्डमा यसबाट नगरपालिकालाई थप आम्दानीको श्रोत बनाउन सकिनेछ । समग्रमा हेर्दा छेडागाड नगरपालिका प्राकृतिक सम्पदाको धनी र प्रचुर सम्भावना बोकेको नगरपालिका मानिन्छ । नेपाल सरकारको आगामी २ (दुई) वर्षभित्र अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकको रुपमा रुपान्तरण हुँदै गर्दा हामीले त्यो सम्भावना र चुनौतीलाई झेल्नसक्ने वातावरण निर्माण गर्न सोही अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

**सभाध्यक्ष महोदय,**

६. छेडागाड नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नुपर्ने भएको हुनाले प्राप्त बजेटको ठुलो हिस्सा उक्त भवन निर्माणको लागि विनियोजन गर्दा वडाहरुमा जाने बजेट आकार गत चालु आ.व. भन्दा घटेको छ । प्राप्त बजेटबाट आ.व. ०८१।८२ को योजना छनौट गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका मौजुदा उपायहरु अवलम्बन गरी बस्ती स्तरदेखि वडा हुँदै विषयगत समिति मार्फत योजनाहरु छनौट भई आएका छन् । नगरपालिकामा उपलब्ध श्रोत साधनको कमी र क्रमागत रुपमा संचालनमा रहेका र प्रस्तावित बजेट प्राप्त नहुँदा चालु आ.व. २०८०।८१ मा सम्पन्न भएका योजनाहरुको भुक्तानीको दायित्व बहन गर्नुपर्ने भएको छ । ठुलो भुगोल अधिक जनसंख्या भएको कारण पनि जनताका मागहरु अत्यधिक हुने र सीमित श्रोत साधनको कारण माग बमोजिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्न नसक्ने अवस्था श्रृजना भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकीकरण गरी योजना छनौट र बजेट विनियोजन गर्नुपर्ने बाध्यता हाम्रो सामु रहेको छ ।

**सभाध्यक्ष महोदय**,

आगामी आ.व. २०८१।८२ को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकीकरणका आधारहरु तयार गरेको छु । उक्त प्राथमिकीकरणका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा तथा आयोजना प्राथमिकीकरण गर्दा निम्न आधारहरु लिएको छु।

- नगरपालिकाको प्रशासकीय भवन निर्माण र आगामी आ. व. २०८१।८२ भित्र आफ्नै भवनबाट सेवा संचालन ।
- देशमा व्याप्त आर्थिक मन्दिको कारण विनियोजन भएको बजेट प्राप्त नहुनाले चालु आर्थिक वर्षमा सम्झौता गरी सम्पन्न भएका तर भुक्तानी दिन बाँकी रहेका आयोजनाहरु।
- जनस्वास्थ्य र उपचारात्मक स्वास्थ्यको साथै स्वास्थ्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रको सबलीकरण हुने ।
- रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्ने । कृषकलाई प्रविधि मैत्री बनाउने खालका योजनाहरु ।
- शिक्षा क्षेत्रलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालयको भौतिक अवस्था सुधार हुने तथा शैक्षिक गुणस्तर अभिबृद्धि हुने योजना तथा कृयाकलापहरु ।
- प्रकोप व्यवस्थापन एवम् उद्धार, राहत, पुनर्लाभ पुनर्स्थापना तथा पुनर्निर्माण हुने खालको योजनाहरु ।
- गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने।
- आन्तरिक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने, स्थानीय श्रोत, साधन, श्रम र सीप र प्रविधिमा आधारित, लैंगिक मैत्री तथा समावेशिता प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्द्धन गर्ने, दिगो विकास, वातावरण संरक्षण र प्राकृतिक विपद व्यवस्थापनमा योगदान पुर्याउने, बजारमा पहुँच बृद्धि गर्न सघाउ पुर्याउने आयोजनाहरु सञ्चालन गर्ने,
- कम लागतमा बढी लाभ लिन सकिने आयोजनाहरु, विपन्न वर्ग र क्षेत्रका बासिन्दाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरु।
- वातावरणमैत्री एवं जलवायू परिवर्तन अनुकूलनमैत्री आयोजनाहरु।
- लागत साझेदारी र प्रत्यक्ष जनसहभागिता जुटाउने खालका आयोजनाहरु।
- ब्लक तथा पकेट क्षेत्र विस्तार र विकास हुने आयोजनाहरु ।
- आवधिक योजनाले परिक्षलित गरेका योजना तथा कार्यक्रमहरु ।
- खानेपानी तथा स्वास्थ्य सरसफाई र वातावरणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु ।
- संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई थप टेवा दिने खालका योजनाहरु ।

- यूवा तथा खेलकुद क्षेत्रको प्रवर्द्धन गरी नगरपालिकाको आत्मासम्मानमा बृद्धि हुने खालका आयोजनाहरु ।

**सभाध्यक्ष महोदय,**

अब म यहाँहरु समक्ष **"समृद्ध छेडागाड, हाम्रो भविष्य"** भन्ने मूल नाराका साथ प्रस्ताव गरिएको चालु आ.व. ०८०।८१ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. चालु आ.व.२०८०/८१ को हालसम्मको यथार्थ संक्षिप्त आय विवरण यसप्रकार छः

- संघीय सरकारको वित्तीय समानीकरण अनुदान रु. ८ करोड १८ लाख ९१ हजार ५५० प्राप्त भएको छ।
- संघीय सरकारको सशर्त अनुदान रु. ३५ करोड ३४ लाख ९७ हजार प्राप्त भएको छ।
- संघीय सरकारको राजश्व बाडँफाड रु. ९ करोड ४२ लाख ८२ हजार १६२ प्राप्त भएको छ ।
- प्रदेश सरकार समानिकरण अनुदान रु. १ करोड २५ लाख ८८ हजार प्राप्त भएको छ।
- सशर्त अनुदान प्रदेश सरकार रु ५ करोड ८५ लाख ५५हजार प्राप्त भएको छ।
- आन्तरिक आम्दानी रु. ६३ लाख १ हजार ७ रुपैया प्राप्त भएको छ।

  कूल विनियोजित (अनुमान) ७० करोड १४ लाख ७८ हजार ९३० मध्ये ६३ करोड ४२ लाख ८० हजार ४५२ प्राप्त भएको छ भने जसमध्ये रु. ४७ करोड १ लाख ११ हजार ७८४ खर्च भएको छ । हाल १६ करोड ४९ लाख ६८ हजार ६६८ रुपैया मौज्दात रहेको छ भने ७ करोड १६ लाख ७१ हजार ९७८ रकम हालसम्म प्राप्त हुन सकेको छैन ।

- त्यसै गरी चालु आ.व. २०८०/०८१ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्रोतबाट प्राप्त समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान विशेष अनुदान गरी कुल आय ९०.६७ प्रतिशत प्राप्त भएको छ जसमध्ये ७४.७४ प्रतिशत खर्च भएकोछ भने मौज्दात २६.१० प्रतिशत र १०.२१ प्रतिशत रकम प्राप्त नहुने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. ०८०/०८१ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्थाबारे सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

<u>तपसिल :</u>

| संघीय सरकार | | | | | |
|---|---|---|---|---|---|
| **शिर्षक** | **अनुमानित आय** | **हालसम्म प्राप्त आय** | **हालसम्मको खर्च** | **मौज्दात** | **प्राप्त नभएको** |
| वित्तिय समानीकरण अनुदान | ११०५००००० | ८१८९१५५० | ७४०२३०५१ | ७८६८४९९ | २८६०८४५० |
| संघीय सरकार शसर्त | ३५४२००००० | ३५३४९७००० | २५७८८२३७१ | ९५६१४६२९ | ७०३००० |
| विशेष अनुदान | १३०००००० | ८०८४७०० | ८०८४७०० | ० | ४९१५३०० |
| समपुरक | ५०००००० | ५०००००० | ४०५४६०० | ९४५४०० | ० |
| संघिय सरकार राजश्व बाँडफाँड | १२७०३५००० | ९४२८२१६२ | ८४४८६७६९ | ९७९५३९३ | ३१९५२८३८ |
| **जम्मा** | **६०९७३५०००** | **५४२७५५४१२** | **४२८५३१४९१** | **११४२२३९२१** | **६६१७९५८८** |
| **प्रदेश सरकार** | | | | | |
| **शिर्षक** | **अनुमानित आय** | **हालसम्म प्राप्त आय** | **हालसम्मको खर्च** | **मौज्दात** | **प्राप्त नभएको** |
| समानीकरण अनुदान | १२५८८००० | १२५८८००० | ६६४१५२८ | ५९४६४७२ | ० |
| शसर्त अनुदान | ५८५५५००० | ५८५५५००० | २२३५२३५९ | ३६२०२६४१ | ० |
| प्रदेश सरकार राजश्व | ९५१७३८ | ९२२९३१ | ७४२२३७ | १८०६९४ | २८८०७ |
| **जम्मा** | ७२०९४७३८ | ७२०६५९३१ | २९७३६१२४ | ४२३२९८०७ | २८८०७ |
| **नगरपालिका** | | | | | |
| **शिर्षक** | **अनुमानित आय** | **हालसम्म प्राप्त आय** | **हालसम्मको खर्च** | **मौज्दात** | **प्राप्त नभएको** |
| अ.ल्या. | १३१४९१९२ | १३१४९१०२ | ११८४४८६९ | १३०४२३३ | ९० |
| आन्तरिक श्रोत | ६५०००००० | ६३१०००७ | ० | ६३१०००७ | १८९९९३ |
| **जम्मा** | १९६४९१९२ | १९४५९१०९ | ११८४४८६९ | ७६१४२४० | १९००८३ |
| **कूल जम्मा** | **७०१४७८९३०** | **६३४२८०४५२** | **४७०११२४८४** | **१६४१६७९६८** | **६६३९८४७८** |

**सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. ०८१/८२ को बजेटको सोच **(Vision),** लक्ष्य र उद्देश्य प्रस्तुत गर्दछु।

**सोच (Vision):**

यस बजेटको सोंच "**समृद्ध छेडागाड : हाम्रो भविष्य**" रहेको छ।

**लक्ष्य:**

उपलब्ध श्रोत-साधनको समुचित उपयोग गरी भुकम्प पछिको पुनस्थापना र पुनर्निर्माण सहित कृषि व्यवसायिक उत्पादन र न्यायोचित वितरण मार्फत् आत्मनिर्भर, समृद्ध र समुन्नत छेडागाड नगरपालिका बनाउने यस बजेटको लक्ष्य रहेको छ ।

**उद्देश्य:**

- चालु आर्थिक वर्षमा निर्माणाधिन रहेको नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी दैनिक प्रशासनीक कार्य आफ्नै भवनबाट संचालन गर्ने ।
- यस नगरपालिकाको वडा नं. ४ को वडा कार्यालयको भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको हुनाले आगामी आ.व. को पहिलो चौमासिक सम्म वडा कार्यालय आफ्नै भवनबाट संचालन गर्ने ।
- छेडागाड नगरपालिकामा उपलब्ध भौतिक तथा प्राकृतिक श्रोत-साधन तथा मानवीय संसाधनको उचित उपयोग मार्फत कृषि तथा पशु, खानी तथा पर्यटन क्षेत्रमा कृषि व्यवसायिक उत्पादनमा बृद्धि गरी उपलब्ध अवसरको न्यायोचित वितरण गर्दै नगरबासीहरुको जीवनस्तरमा सुधार गर्ने।
- स्थानीय विपद जोखिम न्यूनिकरणको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- शिक्षा क्षेत्रमा लगानी वृद्धि गरी सक्षम र क्षमतावान नागरिक तयार गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गरी भरपर्दो र सुरक्षित स्वास्थ्यमा नागरिकको पहुँच अभिबृद्धि गर्ने ।
- सबै नागरिकलाई सुरक्षित र स्वस्थ रहने वातावरण सिर्जना गर्ने।
- सबै वडा कार्यालयहरुको आफ्नै भवनबाट सेवा संचालन गर्ने।
- सूचना प्रविधिको प्रयोग सहित शिक्षा क्षेत्रलाई चलायमान र गतिशील बनाउँदै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- पुराना र क्रमागत दायित्व भएका आयोजनाहरुलाई निरन्तरता दिई उचित प्रतिफल दिने आयोजना संचालन गर्ने।

- नगरपालिकाको सेवा प्रवाहमा नागरिकको पहुँच तथा अपनत्व अभिबृद्धि गर्ने।
- पारदर्शिता र जवाफदेहिता बृद्धि गर्दै सुशासन कायम गर्ने।
- बालमैत्री स्थानीय शासन पालिका, पूर्ण सरसफाईयुक्त पालिका, बालश्रममुक्त पालिका, घरभित्रको धुवाँरहित पालिका घोषणा गरी नगरपालिकाको पहिचान स्थापित गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व. २०८१/०८२ को बजेटका अपेक्षित उपलब्धी प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न हुनेछ ।
- केही क्रमागत तथा अधुरा आयोजनाहरु सम्पन्न हुनेछन् ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि भई नागरिकले लाभ पाएका हुनेछन्।
- आर्थिक तथा सामाजिक असमानता र विभेद अन्त्य गर्दै आत्मनिर्भर नगरपालिका निर्माणमा सहयोग पुग्नेछ।
- सहज जीवनयापन र समुन्नत नगरपालिका निर्माणका लागि आवश्यकताको आधारमा भौतिक पूर्वाधारहरुको विकास हुनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् ५०४५ जना सूचीकृत बेरोजगारहरुले रोजगारी प्राप्त गरेका हुनेछन्।
- विश्व खाद्य कार्यक्रम **(WFP)** कार्यान्वयनबाट करिव १०४० घरधुरीहरुले प्रत्यक्ष फाइदा लिनेछन् ।
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गर्ने र उनीहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- जलवायु परिवर्तनद्वारा सिर्जित प्रभाव तथा असरहरुसँग जुध्नका लागि जलवायू अनुकूलन, न्यूनीकरण र समानुकूलनका योजनाहरु कार्यान्वयन मार्फत जलवायूमैत्री नगरपालिका निर्माण हुनेछ।
- भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासनयुक्त नगरपालिका निर्माणमा सघाउ पुग्नेछ।
- ज्येष्ठ नागरिक, महिला, बालबालिका, शारिरीक रुपमा अशक्त, दलित आदिबासी वर्ग र क्षेत्रहरुलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रमहरु संचालन मार्फत सामाजिक संरक्षणमा टेवा पुग्नेछ।
- विभिन्न क्षेत्रका गुरुयोजनाहरु निर्माण गरी सोही अनुसार वार्षिक तथा बहुवर्षिय कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन हुनेछन्।
- विद्यालयहरुको भौतिक सुधार एवं विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भई दक्ष जनशक्ती उत्पादनमा सहयोग पुग्नेछ ।

**सभाध्यक्ष महोदय,**

म अब यस नगरसभामा आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- चालु सोह्रौं पञ्चवर्षिय योजना,
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा वजेट वक्तव्य,
- छेडागाड नगरपालिकाको आवधिक योजना
- छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१
- छेडागाड नगरपालिकाको नगर प्रोफाइल, २०७६
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु।
- छेडागाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तुस्थिति अवस्थाको विश्लेषण।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले प्राथमिकताका साथ कार्यान्वयन गर्नको लागि सहयोगी कार्यक्रमहरु ।

**सभा अध्यक्ष महोदय**,

अब म आ.व. २०८१/०८२ को बजेटका मुख्य मुख्य कार्यक्रमहरु र सो शीर्षकमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. क्रमागत तथा अधुरा योजनाहरु**

यस छेडागाड नगरपालिका क्षेत्र भित्र विगत लामो समयदेखि क्रमागत रुपमा संचालन हुँदै आएका केही आयोजनाहरुमा संघ तथा प्रदेश सरकार मार्फत बजेट विनियोजन भई आएको छ भने नगरपालिकाले पनि केही अधुरा तथा क्रमागत आयोजनाहरुमा बजेट विनियोजन गरेको छु । जस अन्तर्गत चालु आर्थिक वर्ष २०८०।८१ देखि क्रमागत रुपमा निर्माणाधिन नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु । यस नगरपालिकाको वडा नं. ४ मा निर्माणाधिन अवस्थामा रहेको वडा कार्यालयको भवन निर्माणको लागि रु. ४० लाख विनियोजन गरेको छु । त्यसैगरी हेल्भेटास नेपालसँगको

साझेदारीमा संचालन भइरहेका खानेपानी तथा सरसफाई आयोजनाहरु चालु आ. व. मा सम्पन्न भएका तर बजेट अभावको कारण भुक्तानी हुन नसकेका योजनाहरुको लागि रु. ५० लाख रकम विनियोजन गरेको छ । चालु आ.व. २०८०।८१ मा रातो कितावमा समावेश भएका तथा कार्यपालिकाबाट निर्णय भएका योजना र रकम अभावको कारण भुक्तानी हुन नसकेका योजनाहरुको दायित्व भुक्तानीको लागि २ करोड रकम विनियोजन गरेको छ ।

## २. आर्थिक विकास तर्फ :

- नगरपालिकालाई कृषि उत्पादनमा क्रमशः आत्मनिर्भर बनाई गरिबी तथा भोकमरी उन्मूलन गर्न आय र रोजगारी बढाउन, कृषिको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण मार्फत कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न "**कृषकसँग मेयर कार्यक्रम**" कार्यक्रमलाई निरन्तरता दिएको छ । जसको प्रभावकारी कार्यान्वयनको लागि रु. २० लाख विनियोजन गरेको छ। कृषकहरुको घरमै गएर उनीहरुलाई प्राविधिक सहयोग तथा उपलब्ध गराउन **एक वडा एक प्राविधिक जनशक्ति**लाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- व्यवसायिक बाख्रापालन, पकेट क्षेत्रविकास कार्यक्रम, ब्लक निर्माण जस्ता कार्यक्रम कार्यान्वयन मार्फत कृषि क्षेत्रलाई व्यवसायिकता तर्फ उन्मुख गराई रोजागरीका अवसरहरु श्रृजना गरिनेछ। जसको कार्यान्वयनको लागि कृषि विकास उपशाखालाई रु २५ लाख, पशुपंक्षि विकास उपशाखालाई २६ लाख रकम विनियोजन गरेको छु ।

- साना तथा घरेलु लघु उद्यमीहरुलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी श्रृजना तथा दक्ष उद्यमीहरुलाई उपार्जनसँग आवद्ध गरी नगरपालिकालाई उत्पादनसँग जोडी निकासी पैठारीसँग आवद्ध गराउन उद्यम विकास कार्यक्रमतर्फ रु. ९ लाख बजेट विनियोजन गरेको छु ।
- छेडागाड नगरपालिकामा रहेका व्यापार व्यवसाय दर्ता तथा नविकरण, घरजग्गा नक्सा पास लगायतका कार्यहरुलाई अभियानको रुपमा संचालन गरिनेछ।वनबाट प्राप्त हुने रोयल्टीलाई अनिवार्य गरिनेछ । जसको नियमन अनुगमन तथा रेखदेख गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- नगरपालिकामा रहेका जग्गाधनीहरुले हालसम्म पनि मालपोत कर नतिरेको हुनाले उक्त कर असुलीको लागि प्रत्येक वडाहरुले अभियान संचालन गरी मालपोत कर संकलनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- छेडागाड नगरपालिकाभित्र दर्ता मात्र भई निष्कृय रुपमा रहेका विभिन्न सहकारी, समुह तथा फर्महरुलाई नविकरण तथा नियमन गरी आवश्यक प्रकृया अवलम्बन गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

## ३. सामाजिक विकास तर्फ :

- अपांगता भएका बालबालिकाहरुको हेरचाह र शिक्षा दिक्षा प्रदान गर्नको लागि **School at Home** कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसको कार्यान्वयनको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।
- विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिको लागि शैक्षिक अवलोकन भ्रमण, राष्ट्रपति रनिङ्गशिल्ड तथा मेयरकप संचालन लगायतका शैक्षिक गतिविधिहरु संचालन गर्न शिक्षा तथा यूवा खेलकुद शाखा मार्फत कार्यान्वयन हुने गरी ७० लाख ४० हजार रुपैया विनियोजन गरेको छु ।
- एकातिर आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जम्मेवारी संविधानले स्थानीय तहलाई सुम्पेको छ भने अर्कोतिर विद्यालयहरुमा विषयगत शिक्षक दरबन्दी अभाव भई गुणस्तरीय र प्रतिस्पर्धी नागरिक निर्माण गर्न अप्ठ्यारो पर्न गएको छ। यस्तै खालको समस्या हल गर्न माध्यमिक तथा आधारभूत विद्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु । शिक्षा विकास तथा समन्वय ईकाईबाट शिक्षण सिकाई अनुदानमा नियुक्ति भएका प्रावि र आविका शिक्षकको पारिश्रमिकको लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।
- स्वस्थ, सभ्य र सुसंस्कृत नागरिक तयारी गर्न बच्चालाई गर्भावस्थामा नै पोषण आवश्यक पर्छ।यसका लागि गर्भ जाँच गर्ने महिलाहरुलाई हरेक पटक एक क्यारेट अण्डा लगायतका खाद्य सामाग्रीहरु वितरण गरी गर्भ अवस्थादेखि नै बच्चाको पोषणको हक सुनिश्चित गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ संघिय सरकारको शसर्त अनुदान तथा प्रदेश सरकारबाट पोषण कोशेली कार्यक्रम मार्फत आवश्यक बजेट विनियोजन भएको छ । जसलाई नगरपालिकाको विषयगत शाखाहरुको समन्वय तथा सहजीकरणमा कार्यान्वयन गरिनेछ ।
- महिला, बालबालिका, अपांगता, दलित, जनजाती तथा ज्येष्ठ नागरिकहरुको क्षमता विकास, जीविकोपार्जन तथा शसक्तिकरण र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत कार्यान्वयन हुने गरी रु. ९ लाख रकम विनियोजन गरेको छु ।
- नगरस्तरीय बाल अधिकार समितिलाई कृयाशिल गराई बालबालिका क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गर्ने वातावरण तयार गर्नको लागि रु. ३ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा मार्फत कार्यान्वयन हुने गरी रु. ७ लाख रुपैया विनियोजन गरेको छु ।
- नगरपालिकाबाट संचालित बालविकास केन्द्र, नगर अनुदान शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता भुक्तानीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरबासीलाई सुरक्षित र स्वस्थ जीवन निर्वाहको उचित व्यवस्था मिलाइनेछ । विगत चार वर्ष अगाडी देखि निर्माणाधिन नगर अस्पतालको भवन आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी आफ्नै भवनबाट सेवा संचालन गर्ने व्यवस्थाका लागि साझेदारी बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका क्षेत्रभित्र सुत्केरी आमाहरुलाई सुत्केरी हुँदाका बखत समस्या भएको खण्डमा निशुल्क रुपमा  एम्बुलेन्स उपलब्ध गराउँदै आएको छ अझै आगामी आ.व. देखि उक्त सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका अपांगता भएका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई राहत, उपचार तथा सहुलियत उपलब्ध गराउनको लागि **CMC** नेपालको साझेदारीमा मनोसामाजिक परामर्शकर्ता परिचालन गरिनेछ । जसको लागि रु. ४ लाख ९० हजार रकम विनियोजन गरेको छु ।
- नगरअस्पतालमा स्थापना तथा संचालन भइरहेको फार्मेशीलाई थप व्यवस्थित र मर्यादित बनाई नगर अस्पतालको आन्तरिक श्रोत अभिबृद्धि गर्ने तर्फ ध्यान दिइएको छ । आगामी आर्थिक वर्षदेखि थप प्रभावकारी सेवाहरु संचालनको व्यवस्था मिलाइएको छ । साथै वर्षौ देखि पोष्टमार्टम गर्दाको सास्ती अबदेखि जनताहरुले व्यहोर्नु नपरोस भन्ने ध्येयका साथ पोष्टमार्टम कक्ष स्थापना गरी नगर अस्पतालबाटै पोष्टमार्टमको कार्य थालनी भएको छ त्यसलाई अझै थप प्रभावकारी बनाउन तर्फ विशेष ध्यान दिइनेछ ।
- दशेरा र सुवानाउली स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा संचालन भइरहेको छ भने आगामी आर्थिक वर्षदेखि थप २ वटा स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतनको सेवा संचालन गरिनेछ व्यवस्था मिलाएको छु ।
- स्वास्थ्य संस्थाबाट निशुल्क रुपमा उपलब्ध गराउने औषधी खरिद लगायत अन्य स्वास्थ्य प्रवर्द्धन तर्फका कार्यक्रम संचालनको लागि रु ६५ लाख रकम विनियोजन गरेको छु ।
- आयूर्वेद स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

- महिला, दलित, शारीरिक अशक्त, जेष्ठ नागरिक र वालबालिकाहरुको उत्थान तथा सिप विकास र जीविकोपार्जनको कार्यक्रमहरु संचालन गर्नको लागि लक्षित वर्ग कार्यक्रम तर्फ रु. १० लाख विनियोजन गरेको छ।
- नागरिक स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुर्याउने जीवन विज्ञान योग प्रशिक्षण शिविर मार्फत जीवनको प्रयोग भन्ने मान्यतालाई स्वच्छ खानपिन, स्वच्छ जीवनशैलि, दैनिक योग जस्ता कार्यक्रमहरु संचालन गर्ने गरी बजेटको व्यवस्था गरेको छ ।
- अष्ट्रेलियाको मेलबर्न स्थित नगरपालिकासँग भगिनि सम्बन्ध स्थापना तथा यूवाहरुलाई अध्ययन र आवश्यक पर्ने तालिम प्रदान गरी यस नगरपालिकालाई एग्रो टुरिज्म हब बनाउन हिमालयन आउटरिच इन्टरनेशनलसँग साझेदारी गर्ने गरी बजेट व्यवस्थापन गरेको छ ।

**सभा अध्यक्ष महोदय,**

## ४. भौतिक पूर्वाधार विकास तर्फ :

- छेडागाड नगरपालिकाबाट संचालन भएका योजनाहरुको नपुग बजेट व्यवस्थापनको लागि सरोकारवाला निकायहरुमा आवश्यक समन्वय गरी बजेटको व्यवस्थापन गरिनेछ ।
- सेभ द चिल्ड्रेनसँगको साझेदारीमा कार्यक्रम संचालन गर्न आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने समपुरक रकम व्यवस्था गरेको छ ।
- प्रत्येक विकास निर्माणका योजनाहरुमा विनियोजन भएको रकमको १ प्रतिशत मर्मत संभार कोषमा जम्मा गर्ने र आगामी आर्थिक वर्षको लागि मर्मत संभार कोषको लागि रु. ३० लाख रकम विनियोजन गरेको छ ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ ।

## ५. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ :

- विभिन्न कारणले विपदमा परेका व्यक्तिहरुको राहत तथा उद्दारको लागि आपतकालिन राहत उपलब्ध गराउन विपद व्यवस्थापन कोषमा रु. ३० लाख रकम विनियोजन गरेको छ।
- सामुदायिक बनको वार्षिक कार्ययोजना स्वीकृतिको लागि आवश्यक प्रबन्ध गरी सामुदायिक वनको वार्षिक आयको १० प्रतिशत स्थानीय तहलाई राजश्व बुझाउने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।यदि राजश्व नबुझाउने अटेरी गर्ने व्यवसायी तथा फर्म तथा उपभोक्ता समितिहरुलाई आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- चालु आर्थिक वर्षदेखि संचालनमा रहेको **My Forest Chield** कार्यक्रम संचालनमा रहेको हुनाले उक्त कार्यक्रम मार्फत स्थापना भएका नर्सरीबाट उत्पादित विरुवाहरुलाई

अभियानको रुपमा नगरपालिकाका खाली स्थानहरुमा वृक्षारोपण गर्ने कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छ ।

- सामुदायिक वन उपभोक्ता समितिहरुले प्राप्त गरेको आम्दानीको निश्चित प्रतिशत बन तथा वातावरण संरक्षणका कार्यक्रमहरुमा खर्च गर्नेगरी वार्षिक कार्ययोजना निर्माण गरी स्वीकृतीको लागि नगरपालिकामा पेश गर्ने गरी कानून निर्माण गरिनेछ ।

## ६. संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ :

- एक्काइसौं शताब्दिमा आइपुग्दा पनि हामीले बोझिलो कार्यसम्पादन शैली र प्रकृया अवलम्बन गर्दै आएका छौं । यसबाट सेवाग्राही नागरिकहरुलाई सरकारप्रति विश्वस्त बनाउन सक्दैनौं । त्यसैले अब चुस्त र दुरुस्त कार्यशैली अवलम्बन गर्नका लागि अब ईपालिकाको अवधारणालाई आत्मासात गर्नुपर्ने देखिन्छ । नगरको पहिचान गराउने विभिन्न खालका राष्ट्रिय अभियानहरु (जस्तै पूर्ण सरसफाई नगरपालिका, पूर्ण साक्षर नगरपालिका, पूर्ण खोपयुक्त नगरपालिका, बालमैत्री स्थानीय शासन नगरपालिका, वातावरणमैत्री नगरपालिका, जातीय भेदभाव र छुवाछुतमुक्त नगरपालिका, घरभित्रको धुँवामुक्त नगरपालिका, बालश्रम मुक्त नगरपालिका, बालमैत्री स्थानीय शासन नगरपालिका आदि) संचालन गरी नगरपालिकाको पहिचान स्थापित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- वित्तिय जोखिम न्यूनिकरणलाई कम गरी वित्तिय सुशासन कायम गर्नको लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छ ।
- नगरपालिकामा रहेको न्यायिक समितिलाई सक्षम बनाउन र त्यसबाट प्रभावकारी न्याय सम्पादनको कार्यमा सहजीकरण गर्नको लागि न्यायिक समितिको सचिवालय मार्फत कार्यान्वयन हुने गरी रु. ८ लाख रकम विनियोजन गरेको छ ।
- नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि संगठन तथा संस्थागत विकास तर्फ ५ लाख रकम विनियोजन गरेको छ । जसबाट सार्वजनिक सुनुवाई, समीक्षा गोष्ठी लगायतका विभिन्न कार्यक्रमहरु तथा क्षमता विकास र सुशासनसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।
- कर्मचारीहरुको पारिश्रमिक, जनप्रतिनिधिहरुको सुविधा लगाएत कर्मचारीहरुको वृत्ति विकासका कृयाकलापहरु संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छ। साथै क्षमता विकासका लागि विभिन्न किसिमका क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु

संचालन लगाएतको संस्थागत विकास र सेवा प्रवाहको प्रबन्ध मिलाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- यस छेडागाड नगरपालिकाका १३ वटै वडाहरुमा क्षेत्रफल, जनसंख्या, नगरपालिकाको केन्द्र देखिको भौगोलिक दुरी, राजस्व संकलन क्षमता र  पूर्वाधार विकासको अवस्था, भारित लागत, गरिबी तथा मानव विकास सूचकाँकको आधारमा वडाबाटै योजना छनौट गरी तपसिल बमोजिम कार्यान्वयन गर्नको लागि रु. ९२ लाख ९६ हजार रकम विनियोजन गरेको छु।

**तपसिल**

| **वडा नं.** | **विनियोजन भएको बजेट** | **कैफियत** |
|---|---|---|
| १ | ७ लाख ९४ हजार | |
| २ | ७ लाख ५९ हजार | |
| ३ | ८ लाख ३८ हजार | |
| ४ | ५ लाख ५८ हजार | |
| ५ | ६ लाख ६२ हजार | |
| ६ | ७ लाख ४० हजार | |
| ७ | ३ लाख ३८ हजार | |
| ८ | ८ लाख ६ हजार | |
| ९ | ५ लाख ८४ हजार | |
| १० | ९ लाख २१ हजार | |
| ११ | ७ लाख ३० हजार | |
| १२ | ८ लाख २८ हजार | |
| १३ | ६ लाख ८८ हजार | |
| **जम्मा** | **९२ लाख ९६ हजार** | |

**सभा अध्यक्ष महोदय**,

संघिय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान पुँजीगत तर्फ रु १० करोड ८७ लाख रहेको छ भने राजश्व बाँडफाँड चालु तर्फ रु. १३ करोड ४९ लाख १ रुपैया रहेको छ। साथै शसर्त अनुदानको खर्च संघीय सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम अनुसार नै हुनेछ। संघीय

सरकार, प्रदेश सरकार र स्थानीय तहको प्रस्तावित खर्च व्यहोर्ने स्रोतहरु उल्लेख गर्न अनुमती चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आ.व. ०८१/०८२ का लागि माथि प्रस्तावित खर्च व्यहोरिने स्रोतहरु विस्तृत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

| **संघीय सरकार** | | |
|---|---|---|
| **शिर्षक** | **अनुमानित आय** | **कैफियत** |
| वित्तिय समानीकरण अनुदान | १० करोड ८७ लाख | |
| संघीय सरकार शसर्त | ४८ करोड ३६ लाख ७२ हजार | |
| विशेष अनुदान | ० | |
| समपुरक | ५५ लाख | |
| संघीय सरकार राजश्व बाँडफाँड | १३ करोड ४९ लाख १ रुपैया | |
| **जम्मा** | **७३ करोड २७ लाख ७२ हजार** | |
| **प्रदेश सरकार** | | |
| **शिर्षक** | **अनुमानित आय** | **कैफियत** |
| समानीकरण अनुदान | १ करोड २५ लाख ६६ हजार | |
| शसर्त अनुदान | ४ करोड ८ लाख ५८ हजार | |
| विशेष अनुदान | ० | |
| समपुरक | १ करोड ५० लाख | |
| प्रदेश सरकार राजश्व | १७ लाख ६९ हजार ९ सय ३ | |
| **जम्मा** | **७ करोड १ लाख ९३ हजार ९ सय ३** | |

| **नगरपालिका** | | |
|---|---|---|
| **शिर्षक** | **अनुमानित आय** | **कैफियत** |
| आन्तरिक श्रोत | ९० लाख | |
| अ.ल्या. | ० | |

| | | |
|---|---|---|
| जम्मा | ९० लाख | |
| कूल जम्मा | ८१ करोड १९ लाख ६५ हजार ९ सय ३ | |

**सभा अध्यक्षज्यू,**

कुनै पनि योजनाको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण र कठिन कार्य हो । बस्ती तथा टोलहरुबाट योजना छनौट हुँदै नगरसभा सम्म आएको हुनाले पक्कै पनि लाग्छ यसपटक छनौट भएका योजनाहरुबाट छेडागाडबासीहरुले प्रत्यक्ष रुपमा लाभ लिनेछन् । यसैगरी एउटै ढोकाबाट कार्यान्वयन गर्ने परिपाटीको विकास गर्न विभिन्न विषयगत निकायहरु र दातृ निकायहरुबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने बार्षिक विकास कार्यक्रमहरुलाई पनि वार्षिक योजना पुस्तिकाको अनुसूचीमा समावेश गरी प्रकाशन गरिनेछ । सीमित श्रोत साधन तथा अधिक जनचाहना र मागको विचबाट तर्जुमा गरिएको यस छेडागाड नगरपालिकाको वार्षिक विकास कार्यक्रमको कार्यान्वयन अझ चुनौतीपूर्ण हुने महसुस गरेको छु । सम्बद्ध सबै पक्षको सार्थक सहयोगबाट तयार भएको यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने छ भन्ने विश्वास लिएको छु। यस अवसरमा छेडागाड नगरपालिकाको समग्र पक्षको विकासमा प्रभावकारी भूमिका खेल्ने राजनीतिक दल, विषयगत निकायहरु, विभिन्न सहयोगी दातृ निकायहरु लगायत सम्बन्धित सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यथोचित सहयोग र सहकार्यको अपेक्षा गरेको छु।

**अन्तमा**,

आफ्नो व्यस्त समयलाई थाती राखि हाम्रो निमन्त्रणालाई हार्दिकतापूर्वक स्वीकार गरी पाल्नुहुने यस सभाका प्रमुख अतिथि लगायत सबै अतिथि महानुभावहरुमा हार्दिक आभार तथा धन्यवाद दिन चाहन्छु ।त्यसैगरी आगामी आर्थिक वर्ष २०८१।८२ को लागि योजना तर्जुमाको प्रारम्भिक चरणदेखि बजेट सार्वजनिक गर्दा सम्मका हरेक चरणहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रही सहयोग पुर्याउनुहुने सम्पूर्ण वडाका वडाअध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, पत्रकार मित्रहरु, नागरिक समाज लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । र विशेष गरी नगर सभा तयारीको प्रारम्भिक चरणदेखि अन्तिम सम्म अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। अब नगरपालिकाले लिएको

लक्ष्य प्राप्त गर्न स्वीकृत कार्यक्रम तथा बजेट समयमै सञ्चालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि सबैको सक्रिय सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

छेडागाड नगरपालिकाको नगर सभा कार्य संचालन नियमावली २०७४ को नियम १४१ उपनियम १ र २ बमोजिम यो छेडागाड नगरपालिकाको सोह्रौ (आठौं बजेट अधिवेशन) नगरसभाको बैठकमा प्रस्तुत भई पारित भएको छेडागाड नगरपालिकाको आ व २०८१।०८२ को लागि प्रस्तावित आय र व्ययको अनुमान (बजेट) २०८१ प्रमाणित गर्दछु।

नाम: रत्न बहादुर खड्का
पद: सभा अध्यक्ष
दस्तखत:
मिति:२०८१/०३/१२
पृष्ठ संख्या: १८